# छत्रकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चोयगा, गुल्मी

ईमेल-info@chhatrakotmun.gov.np

५ नं. प्रदेश नेपाल


प.स. ०७५/७६

च. नं. २८८

## आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मितिः२०७५।०८।०३**

स्थानीय सरकार संचालन ऐन ,२०७४ को दफा ११ घ (१) घ (२) र घ (६) समेतमा भएको व्यवस्था प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन ५ नं. प्रदेश सरकारको ढुङ्गा ,गिट्टी, बालुवा उत्खनन, सङ्कलन, क्रसिङ्ग बिक्रि बितरण कसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थापन गर्ने कार्यबिधि २०७५ मा भएको व्यवस्था तथा छत्रकोट गाउँपालिका, गाउँकार्यपालिकाको निर्णयानुसार देहायका शिर्षकहरुमा कर तथा शुल्क असुली सम्बन्धि काम आ.व. २०७५।०७६ को लागि ठेक्काद्वारा गराउन यो सुचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र योग्यता पुगेका फर्महरुले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

### आन्तरिक आय ठेक्का विवरण

| आय ठेक्का नं. | आयको विवरण | आ.व.०७५।०७६का लागि कायम न्युनतम अङ्क (कर र मु.अ.कर बाहेक) | संकलन उत्खनन गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | संकलन उत्खनन दर (वातावरण शुल्क) सहित प्रति क्यु फिट | बोलपत्र फाराम दस्तुर | धरौटी जमानत रकम |
|---|---|---|---|---|---|---|
| CRM/075-76/02 | छत्रकोट गाउँपालिका वडा नं. १ -सिस्ने पुल देखि चोरकाटे सम्म) र चोरकाटे पुल देखी तल्लो रमौदी सम्म भित्र पर्ने बडिघाट खोला किनार अन्तर्गतका क्षेत्र | रु २५,९४,४६३।- | ८६४८२१ क्यु फुट | रु ३ + रु २ | रु ३०००।- | रु १,३०,०००।- |
| CRM/075-76/03 | छत्रकोट गाउँपालिका वडा नं.४ -सातमुरे देखि अँगाहा सम्म) र -छिस देखि हर्दिखोला सम्म) पर्ने रिडि खोला किनार अन्तर्गतका क्षेत्रहरु | रु १०,७९,०३७।- | ३५९६७९ क्यु फुट | रु ३ + रु २ | रु ३०००।- | रु ५४,०००।- |
| CRM/075-76/04 | छत्रकोट गाउँपालिका वडा नं ६ -बुछुङदी देखि सौरे खोला दोभान सम्म) र -दोभान –ठूलाबगर –दाङजा सम्म) पर्ने रिडि खोला किनार अन्तर्गत क्षेत्रहरु | रु १७,२०,३१७।- | ५७३४३९ क्यु फुट | रु ३ + रु २ | रु ३०००।- | रु ९०,०००।- |

**ठेक्का सम्बन्धी शर्तहरु**

१. उल्लेखित ठेक्काहरुको लागि बोलपत्र फाराम छुट्टा छुटै पेश गर्नु पर्ने छ ।

२. बोलपत्र पेश गर्दा पेश गर्ने व्यवसाय,फर्म वा कम्पनीको दर्ता नविकरण प्रमाण पत्र ,स्थायी लेखा नम्बर,मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ ।

३. ठेक्का अवधी ठेक्का नं. **CRM/075-76/02 ,CRM/075-76/03 र CRM/075-76/04** को आ.व.२०७५।०७६ जेष्ठ मसान्त सम्म रहनेछ । बन्द हडताल,प्राकृतिक प्रकोप वा अन्य कुनै विशेष परिस्थितिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावि गर्न पाईने छैन।।IEE प्रतिवेदनले निषेध गरेको अवधि तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाईने छैन। तर विभिन्न स्थानमा थुपारी राखेको मौज्दात सामाग्री नियमानुसार विक्री तथा निकासी गर्न सकिनेछ ।

४. कबोल अङ्कको थप मूल्य अभिवृद्धि कर **१३%** राजश्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा र **१.५%** अग्रिम आयकर कोष तथा लेखा नियन्त्रण कार्यालयको राजश्व खातामा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

५. धरौटी बापतको रकम यस कार्यालयको बाणिज्य बैंक लि.तम्घास रहेको धरौटी खाता नं. **३०१०३०३००७१०५** मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति )बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।

६. रीत नपुगी आएको बोलपत्र उपर कुनै कारबाही हुनेछैन ।

७. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले **७ औ** दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी **८ औ दिनको १२:०० बजे** अर्थात **मिति २०७५।०८।१०** गतेको **१२:०० बजे** भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ। प्राप्त बोलपत्रहरु सोही दिन दिनको **२:००** बजे गाउँकार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

८. जमानत बापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

९. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१०. प्रचलित ऐन,नियम,कानुन,सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोडन सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

११. यस कार्यालयमा पेश हुन आएका बोलपत्र,बोलपत्र दाता निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ।तर बोलपत्र दाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएमा कार्यालयको प्रतिनिधिको रोहबरमा खोल्न सकिनेछ ।

१२. बोलपत्र फारम नियमानुसारको राजश्व रकम तिरी छत्रकोट गाउँकार्यपालिकाको कार्यालय चोयगाबाट खरिद गरी पेश गर्न सकिनेछ ।

१३. ढुङ्गा,गिट्टी,बालुवा रोडा आदिको संकलन,उत्खनन् तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति,छत्रकोट गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१४. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुनेछ। उल्लेख नभएका विषयमा प्रचलित ऐन कानुन तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ। ठेक्कामा कुनै विवाद भएमा छत्रकोट गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

१५. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. **९८५७०६७९०८ र ९८५७०७२४९१** इमेल **info@chhatrakotmun.gov.np, chhatrakot90@gmail.com**

२०७५।८।०३

छत्रकोट गाउँ कार्यपालिकाको कार्यालय
चोयगा,गुल्मी